# तेह्रौं सामाजिक लेखाजोखा

१६ असोज, २०७७

CSRC
आत्मनिर्भर केन्द्र

सर्वाधिकार ©: सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

प्रकाशन मिति : **असोज २०७७**

प्रकाशक

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
भूमिघर, धापासी, काठमाडौं
फोन : ९७७-१-४३६०४८६/४३५७००५
फ्याक्स : ९७७-१-४३५७०३३
Email: landrights@csrcnepal.org
URL: www.csrcnepal.org

कभर

**राजन काफ्ले**

डिजाइन

**बिक्रम चन्द्र मजुमदार**
bmajumdar33@gmail.com

# तेह्रौं सामाजिक लेखाजोखा

१६ असोज, २०७७

CSRC

आत्मनिर्भर केन्द्र

# सामाजिक लेखाजोखाबारे

आत्मनिर्भर केन्द्रले वि.सं. २०६४ सालदेखि नियमितरूपमा सामाजिक लेखाजोखा गर्दै आइरहेको छ। वार्षिक सामाजिक लेखाजोखामार्फत संस्थाले गरेका काम, उपलब्धि र वित्तीय अवस्थाबारे सरोकारवाला निकाय, समुदायका प्रतिनिधिलगायतलाई जानकारी गराइ पृष्ठपोषण लिन पाउँदा हामी खुसी छौं।

हामीले गर्ने हरेक गतिविधि पारदर्शी र जवाफदेही हुन् भन्ने कुरामा सदैव सचेत छौं। सामाजिक लेखाजोखा यही पारदर्शिता र जवाफदेहिताको महत्वपूर्ण थलो हो। यसमा हामीले गरेका गतिविधि मात्रै प्रस्तुत गर्दैनौं। हामीले काम गर्ने समुदाय, सरोकारवाला निकाय तथा हाम्रा शुभचिन्तक सबैका सुझाव ग्रहण गरी कार्यान्वयन पनि गर्छौं।

आत्मनिर्भर केन्द्रले योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कन प्रक्रियालाई पारदर्शी र सहभागीमूलक बनाउने प्रयास गर्दै आएको छ। हरेक कार्यक्रम गर्नुपूर्व अनुमानित खर्चको योजना गरिन्छ र कार्यक्रम समाप्तिपछि कार्यक्रमस्थलमै खर्चको अवस्थाबारे जानकारी गराउने गरिन्छ। यस्तो सम्भव नभएमा कार्यक्रमपछि तयार पारिने प्रतिवेदनमा उल्लेख गरिन्छ।

आत्मनिर्भर केन्द्र यहाँहरूको सुझावका लागि सदैव खुला छ। यो सामाजिक लेखाजोखामा प्राप्त सुझावहरूलाई हामी क्रमशः लागु गर्दै लानेछौं। तेह्रौं सामाजिक लेखाजोखामा सहभागी भएर सुझाव दिनुहुने अतिथिज्यूहरू, सम्पूर्ण आमन्त्रित महानुभाव, संस्थाका सदस्य, पदाधिकारी र कर्मचारी साथीहरूलगायत भर्चुअल माध्यमबाट कार्यक्रममा सहभागी हुनुहुने सबैलाई धेरै धेरै धन्यवाद व्यक्त गर्छौं।

# विषय सूची

कार्यक्रमको सुरुवात १
आर्थिक वर्ष २०७६/७७ का प्रमुख उपलब्धि २
आर्थिक प्रगति विवरण ९
संस्थाको आर्थिक स्रोत, उपयोग र समग्र आर्थिक प्रणालीबारे बाह्य लेखापरीक्षकको समीक्षात्मक मन्तव्य १४
अगुवाको भनाइ १५
खुला छलफल १६
अतिथि मन्तव्य १८
अध्यक्षको मन्तव्य २२
सफलताको कथा २३
अतिथि मन्तव्य २४
सहभागीबाट प्राप्त मुख्य सुझाव २६

# कार्यक्रमको सुरूवात

## कल्पना कार्की
**कार्यक्रम व्यवस्थापक**

आजको सामाजिक लेखाजाखामा आत्मनिर्भर सेवा केन्द्रका अध्यक्ष, कार्यसमिति पदाधिकारी, सदस्य र कर्मचारीहरू संस्थाको कार्यालय भूमि घरमा प्रत्यक्ष सहभागी हुनुहन्छ। हाम्रो निमन्त्रणालाई स्वीकार गरी कार्यक्रममा सहभागी हुनुभएका समाज कल्याण परिषद्का उपाध्यक्ष, पद्मप्रसाद खतिवडा, भूमि व्यबस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव जनकराज जोशी, गैरसरकारी संस्था महासङ्घका अध्यक्ष, जीतराम लामा, केयर नेपालका सहायक राष्ट्रिय निर्देशक मोना शेर्पा, राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका अध्यक्ष सरस्वती सुब्बा, स्थानीय सरकारका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, हामीसँग नजिक रहेर सहकार्य गर्ने, हामीलाई माया गर्ने विभिन्न संस्थाका प्रमुख, प्रतिनिधि, सञ्चारकर्मी, भूमि अधिकार मञ्चका पदाधिकारी, विभिन्न जिल्ला र समुदायका अगुवा, अभियानकर्ताहरू गरी कुल १२४ जना जोडिनुभएको छ। यहाँहरू सम्पूर्ण महानुभावलाई हार्दिक स्वागत गर्छौं।

संस्थाले अहिंसात्मक सामाजिक आन्दोलनका माध्यमबाट जोताहा किसानको हक प्राप्तिमा सहयोग गरिरहेको छ। आज विश्व अहिंसा दिवस पनि हो। राज्यका सेवाबाट वञ्चित नागरिकको सुरक्षित आवास, जोताहा किसानलाई कृषि भूमि र भूमिको दिगो उपयोगमार्फत भूमिहीन र जोताहा किसानको जीविका, आत्मसम्मान र समुन्नतिका लागि संस्थाले महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ। अन्याय भोगिरहेका स्वयम्ले सङ्गठनमार्फत अधिकारको खोजी गरिरहेका छन्। तथ्यमा आधारित वकालतले समग्र मुलुकको आर्थिक एवम् सामाजिक अवस्थामा प्रभाव पर्ने नीतिगत व्यवस्थाको आधार दिएको छ। समुदाय तहमा दर्जनौं रचनात्मक अभ्यास भइरहेका छन्।

संस्थाले आफूलाई पारदर्शी र जवाफदेही बनाउन नियमितरूपमा गर्नुपर्ने कामलाई आत्मसात् गर्दै आइरहेको छ। आत्मनिर्भर केन्द्रले संस्थागत पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न एवं संस्थाको कामको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न वार्षिकरूपमा सामाजिक लेखाजोखा गर्दै आएको छ। यसैको निरन्तरतास्वरूप आजको तेह्रौं सामाजिक लेखाजोखा आयोजना गरिएको हो।

आजको सामाजिक लेखाजोखामा आर्थिक वर्ष २०७६/७७ का मुख्य प्रगति, आर्थिक स्रोत, उपयोग र समग्र आर्थिक प्रणालीसम्बन्धी परिचर्चा गर्नेछौं। वार्षिक गतिविधिलाई समेटेर तयार गरिएको भिडियो हेर्नेछौं। भूमि तथा कृषि अधिकार आन्दोलनका अगुवाहरूको भनाइ सुन्नेछौं। खुला छलफल गर्नेछौं। र, अतिथि वक्ताहरूको मन्तव्य सुन्नेछौं। अन्तमा संस्थाका अध्यक्षज्यूले कार्यक्रम समापन गर्नुहुनेछ।

# आर्थिक वर्ष २०७६/७७ का प्रमुख उपलब्धि

**जगत बस्नेत**
**वकालत, अनुसन्धान र नीति विश्लेषक**

कोभिड-१९ का कारण हामी आज भर्चुअल माध्यममा संस्थाको सामाजिक लेखाजोखा सञ्चालन गरिरहेका छौं। भूमिहीन एवं साना किसानको मर्यादित जीवनको अठोट र सपना बोकेर सामुदायिक आत्मनिर्भर सेवा केन्द्र २७ वर्षदेखि भूमि अधिकार अभियानमा क्रियाशील छ। र, हामी त्यसका अविचलित यात्री बनेका छौं।

संस्थाको क्षमता र स्रोत उपलब्धताका आधारमा आर्थिक वर्ष २०७६/७७ मा ४६ वटा जिल्लामा विभिन्न सवालगत अभियान सञ्चालन गरिएको थियो भने ११ जिल्लाका १५ स्थानीय तहमा विशेष कार्यक्रम सञ्चालन गरिएको थियो। भूमिहीन, सुकुमबासीको पक्षमा कानुन निर्माण गर्ने सन्दर्भमा स्थानीय, प्रादेशिक र सङ्घीय गरी तीनवटै सरकारसँग सहकार्य र समन्वय गरिएको छ।

आर्थिक वर्ष २०७६/७७ मा संस्थाले आफ्नै स्रोत एवं विभिन्न साझेदार संस्थाको सहयोगमा राष्ट्रिय भूमि अधिकार मञ्च, जिल्ला भूमि अधिकार मञ्च र अन्य सहयात्री संस्थामार्फत समुदायसँगको समन्वयमा हासिल भएका १ साउन २०७६ देखि ३१ असार २०७७ का हाम्रा प्रतिबद्धता र उपलब्धिलाई सङ्क्षेपमा प्रस्तुत गर्छु।

## प्रतिबद्धता र उपलब्धि

प्रतिबद्धता १ : अधिकारवालालाई सङ्गठित र परिचालित गर्दै भूमि तथा कृषि अधिकार दाबी तथा उपयोगमार्फत जीविकोपार्जनका लागि सक्षम बनाउने छौं।

१.१ २ सय १९ मोही परिवारले मोहियानी हकबापत ६७.७ हेक्टर जग्गा प्राप्त गरेका छन्। त्यस्तै गाउँब्लकमा बसोबास गर्दै आएका ३ सय ४७ परिवारले १३.६३ हेक्टर जग्गाको जग्गा धनी पुर्जा प्राप्त गरेका छन्।

१.२ संस्थाको सहजीकरणमा जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेका ३ सय ९४ परिवारले सुरक्षित स्थानमा स्थानान्तरणका लागि ९.४५ हेक्टर जग्गा खरिद गरेका छन्। त्यस्तै ५ सय ३४ भूमिहीन परिवारले २६ हेक्टर जमिन खरिद गरेका छन्। तिनले सरकारबाट अनुदान प्राप्त गरी हाल सुरक्षित स्थानमा घर निर्माण गरिरहेका छन्।



१.३ संस्थाको सहजीकरणमा जिल्ला पुनर्निर्माण समन्वय समितिले ७ हजार ५ सय ७५ भूमिहीन घर/परिवारलाई बसोबास गरिरहेकै स्थानमा घर निर्माणका लागि अनुमति दिएको छ। यसले सरकारबाट प्रदान गरिने निजी आवास अनुदानबाट वञ्चित रहेका भूमिहीनको अनुदानमा पहुँच पुगी उनीहरूको सुरक्षित आवास सुनिश्चित भएको छ। यसरी अनुमति प्राप्त गरेकामध्ये असार मसान्तसम्म ६ हजार ६ सय ४३ परिवारले निजी आवास निर्माणका लागि सरकारसँग सम्झौता गरी पहिलो किस्ता लिएका छन्। १ हजार ४ सय ६९ परिवारले दोस्रो र १ हजार १ सय ७१ परिवारले आवास निर्माण सम्पन्न गरी तेस्रो किस्ता लिएका छन्।

१.४ गढवा गाउँ भूमि अधिकार मञ्चको बाँझो जमिन उपयोगसम्बन्धी छलफलपश्चात गढवा गाउँपालिका वडा नं. ५ लोखरपुर, मगहरी र लालपुरका १८५ परिवारले १०.१५ हेक्टर नदी उकास जमिन उपयोग गरी धान तथा गहुँ खेती गरेका छन्। अभियानको प्रभावबाट सोही पालिकाको वडा नं. ४, पर्साका २३ परिवारले ३.२४ हेक्टर ऐलानी जमिन उपयोग गरेका छन्।

१.५ हेलम्बु गाउँपालिका वडा नं. २ नुर्बुलिङ समुदायमा ४१ घर/परिवारको एकीकृत बस्ती निर्माण सम्पन्न भएको छ। स्थानीय संस्कृतिलाई प्रबर्धन गर्ने उद्देश्यले सबै घरमा ह्योल्मो डिजाइनअनुसारको झ्याल/ढोका तयार गरिएको छ। संस्थाले उक्त बस्तीका लागि छाना र नजिकैको सामुदायिक भवन निर्माणमा सहयोग गरेको छ।



१.६ गढवा गाउँपालिका वडा नं. ५ का ६० किसानले प्रदेश सरकारबाट कोभिड-१९ रोकथाम राहत कार्यक्रमअन्तर्गत प्रतिपरिवार २० हजार रुपियाँ प्राप्त गरेका छन् । उक्त रकमबाट २ जनाले च्याउ र बाँकी ५८ जनाले अन्य व्यावसायिक तरकारी खेती सुरु गरेका छन् ।

**प्रतिबद्धता २ :** भूमि तथा कृषि नीति : भूमि अधिकारबाट वञ्चितहरूको पक्षमा कानुन निर्माण भई सोको कार्यान्वयन थालनी हुनेछ ।

२.१ नेपाल सरकारले भूउपयोग ऐन २०७६ लागु गरेको छ । भूमिसम्बन्धी ऐन, २०२१ लाई संशोधन गरेको छ । दुवै ऐनलाई कार्यान्वयनमा ल्याउन नियमावली तर्जुमा भइरहेको छ । भूउपयोग ऐन जमिनको वर्गीकरण, कृषि भूमिको संरक्षण, खाद्य सुनिश्चितता एवं भूमि व्यवस्थापनमा स्थानीय तह र समुदायको भूमिका स्थापित गर्ने हिसाबले महत्वपूर्ण छ । आठौँपटक संशोधित भूमिसम्बन्धी ऐनमा अनौपचारिक भूस्वामित्वको सवाललाई हल गर्दै भूमिहीन र सुकुमबासीको समस्या सम्बोधन गर्ने प्रावधानहरू छन् । यी ऐन तथा नियमावली तर्जुमा कार्यमा विभिन्न चरणमा सम्वाद, लिखित सुझाव प्रस्तुति, सरकारी अधिकारीसहित समुदाय भ्रमण र परामर्श कार्यशालामा सहभागितासहित योगदान गरिएको थियो । यसैगरी प्रदेश तहका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग पनि भूमिसम्बन्धी कानुन तर्जुमाका लागि निरन्तर सम्वाद र सहकार्य भइरहेको छ ।

२.२ बेलका नगरपालिका, कन्काई नगरपालिका र दङ्गीशरण गाउँपालिकामा सञ्चालन भइरहेको भूमि कृषि परिवेश विश्लेषणको अभ्यासलाई अन्य स्थानीय सरकारले समेत कार्यान्वयन गर्ने गरी योजना बनाएका छन् । यसका लागि बबई गाउँपालिका, हेलम्बु गाउँपालिका र धनगढीमाई नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रममा यो नमुना विस्तारको काम गर्नका लागि बजेट विनियोजन गरेका छन् । यो नमुनालाई अन्य जिल्ला तथा



गाउँपालिकामा विस्तार गर्नका लागि राष्ट्रिय गाउँपालिका महासङ्घ, जिल्ला समन्वय समिति उदयपुरलगायत सरोकारवालासँग सहकार्य भएको छ।

२.३ भूमि बैङ्कसम्बन्धी सरकारी कार्यक्रमले पार्ने असरबारे बृहत् छलफल कार्यक्रम आयोजना गरी यसका सम्भावित असरलाई बहसमा ल्याइएको छ। भूमि सुधार कार्य थालनी हुँदै गर्दा अगाडि सारिएको भूमि बैङ्कको कार्यक्रम पुनर्विचार गर्नका लागि आग्रह गरेको छ। भूमि बैङ्कले भूमिहीन र साना किसानको हित नगर्ने निष्कर्षसहित सरकारलाई उक्त कार्यक्रम स्थगित गर्न अडानपत्र पेस गरिएको छ।

२.४ सरकारले भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जमिन उपलब्ध गराउनका लागि भूमि समस्या समाधान आयोग गठन गरेको छ। उक्त आयोगमा संस्थाका कार्यकारी निर्देशक जगत देउजालाई मन्त्रिपरिषद्को निर्णयले विज्ञ सदस्यका रूपमा नियुक्त गरेको छ।

**प्रतिबद्धता ३ :** भूमिमा महिला किसानको अधिकार कायम गरी लैङ्गिक असमानता र विभेद कम गरिनेछ।

३.१ ७ सय ७४ परिवारले २६.२८ हेक्टर जमिनको संयुक्त पुर्जा बनाएका छन्। यसले महिलामा आत्मविश्वास बढाउनुका साथै घरायसी निर्णय प्रक्रियामा पनि उनीहरूको सहभागिता वृद्धि गरेको छ।

३.२ नेपाल सरकारबाट भूमिहीन, सुकुमबासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा श्रीमान् र श्रीमती दुवै जना भएका परिवारका हकमा दुवैको नाममा जग्गा दर्ता गर्ने गरी भूमिसम्बन्धी ऐनमा आठौँ संशोधन गरिएको छ। आत्मनिर्भर केन्द्रले तयार गरेको नमुना ऐनका आधारमा ७ वटा स्थानीय तहले पारित गरेका भूमि ऐनमा समेत यो प्रावधान समावेश गरेका छन्।




प्रतिबद्धता ४ : आत्मनिर्भर केन्द्रलाई सामाजिक आन्दोलनका लागि ज्ञान र स्रोतको थलो एवम् सुशासित नागरिक संस्थाका रूपमा सबल बनाइनेछ।

४.१ स्थानीय तहको भुमि प्रशासनलाई व्यवस्थित गर्न र भूमिहीन, सुकुमबासी र अव्यवस्थित बसोबासीहरूको तथ्याङ्क लिने काम भएको छ। उदयपुर जिल्लाको बेलका नगरपालिकाको १२ हजार ५९ घरको तथ्याङ्क सङ्कलन भई तथ्याङ्क विश्लेषण गर्ने काम भइरहेको छ। यसैगरी झापा जिल्लाको कन्काई नगरपालिकाको ७ हजार १ सय १८, दाङ जिल्लाको दङ्गीशरण गाउँपालिकाको ३ हजार १ सय ५८ गरी जम्मा २२ हजार ३ सय ३५ घरको कृषि तथा भूमिको विवरण तथ्याङ्क सङ्कलन भई विश्लेषणको काम भइरहेको छ।

४.२ विश्वभर धनी र गरीबबीचको खाडल गहिरिँदो छ। सामाजिक विसङ्गति र भोकमरी बढ्दो छ। वातावरणीय सङ्कट विनाशकारी मोडमा आइपुगेको छ। यही असमानता र गरिबीको अन्त्य गरी शान्ति र न्यायको सन्देश विश्वभर फैलाउने उद्देश्यले सुरु भएको 'जय जगत् २०२०' विश्वव्यापी अभियानको उद्घाटन र यात्रामा संस्थागत सहभागिता रह्यो। भूमि अधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको ६ सदस्यीय टोलीले १५ देखि २२ फेब्रुअरीमा पाकिस्तानको यात्रा गरी नागरिक समूह, सञ्चारकर्मी, सरकारी अधिकारी र राजनीतिक नेतृत्वलाई भेटी पाकिस्तानको असमानता र गरिबीका कारण सुन्ने र प्राकृतिक स्रोतमा गरिब समुदायको पहुँच र स्वामित्व स्थापित गर्नुपर्ने विषय उजागर गरिएको छ।

४.३ संयुक्त राष्ट्र सङ्घको किसान तथा ग्रामीण श्रमिकका अधिकारसम्बन्धी घोषणापत्रलाई नेपालीमा अनुवाद गरी प्रकाशन र वितरण गरिएको छ।

४.४ संस्थाले नियमितरूपमा गर्दै आएको सामाजिक लेखापरीक्षण २०७६ भदौ ३० मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री माननीय पद्माकुमारी अर्यालको प्रमुख आतिथ्यमा सम्पन्न गरेको छ। लेखाजोखा कार्यक्रममा सहभागी तथा सरोकारवाला निकायबाट प्राप्त सुझाव क्रमशः कार्यान्वयन गर्दै लगिएको छ।

## कोभिड–१९ र लकडाउनका समयमा भएका उपलब्धि

सन् २०२० को सुरुवातदेखि नै हामीले कोभिड-१९ को विषम परिस्थिति भोग्नुपऱ्यो। यसले योजना गरिएका कार्यक्रम कार्यान्वयनमा अवरोध सिर्जना गऱ्यो। यस चुनौतीका बीच पनि संस्थाले भिन्न उपायबाट आफ्ना कामलाई निरन्तरता दिएको थियो। अब म संस्थाले कोभिड-१९ का कारण नेपाल सरकारद्वारा जारी गरिएको लकडाउनका समयमा भएका मूलभूत कार्य र उपलब्धि सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

५.१ सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले महामारी तथा विपद्मा स्थानीय तह तथा समुदायलाई सहयोग गर्नु आफ्नो कर्तव्य ठानी गढवा गाउँपालिका, सबैला नगरपालिका, गौरादह नगरपालिका, मेलम्ची नगरपालिका, हेलम्बु गाउँपालिका, पाँचपोखरी थाङपाल गाउँपालिका र इन्द्रावती गाउँपालिकामा गरी कोभिड-१९ रोकथामका लागि ४ लाख ५० हजार रुपियाँ सहयोग गरेको छ। यस्तो रकम स्वास्थ्य सामग्री खरिदमा उपयोग भएको छ।

५.२ लकडाउनले भूमि र कृषिको क्षेत्रमा पर्ने अल्पकालीन र दीर्घकालीन असरको विश्लेषण गर्दै त्यसलाई न्यून गर्न चालिनुपर्ने कदम समेटेर तयार पारिएको सामग्री कृषि तथा पशुपन्छी विकास मन्त्रीलाई बुझाइएको थियो।

५.३ आत्मनिर्भर केन्द्रका सम्पूर्ण कर्मचारीले ३ देखि ५ दिनको पारिश्रमिक जम्मा गर्दा भएको रु. २,६०,४५७/-र केही साझेदार संस्थासँग समन्वय गरी जिल्ला भूमि अधिकार मञ्चहरूसँग मिलेर सर्लाहीस्थित हरिपुर नगरपालिकाको मुसहरी टोलका १४३ र बर्दिबास नगरपालिकाका २६ गरी १६९ अति विपन्न परिवारलाई ३ लाख ७१ हजार ८ सय रुपियाँ बराबरको खाद्यान्न तथा सरसफाइसम्बन्धी सामग्री सहयोग गरिएको छ। यसैगरी महोत्तरीका २११ साना किसान परिवारलाई ३ लाख ३० हजार रुपियाँ बराबरको बीउबिजन सहयोग गरियो।

५.४ सामाजिक सञ्जालमार्फत 'कृषि कर्मलाई जारी राखौं' अभियान सञ्चालन गरिएको थियो। अभियानमा कृषि कर्म गरिरहेका किसानको फोटो र भिडियो संस्थाको फेसबुक पेज र ट्विटर ह्यान्डलमार्फत नियमित सम्प्रेषण गरिएको थियो।

नीतिगत तहमा भएका उपलब्धि र तिनीहरूको कार्यान्वयनबाट आशावादी हुने वातावरण बनेको छ। लामो र निरन्तर सङ्घर्षबाट प्रतिफल प्राप्त हुने सिकाइ भएको छ। स्थानीय सरकारका प्रतिनिधिले गरेका प्रतिबद्धताबमोजिम भूमि/कृषिका सवाल सम्बोधन गर्न प्रतिबद्ध स्थानीय सरकारसँग काम गर्दा स्थानीय सरकारबाट नै स्रोत व्यवस्थापनका लागि सहजीकरण हुने सिकाइ पनि प्राप्त भएको छ।

यो आर्थिक वर्षको अन्त्यदेखि नै देशैभर कोभिड-१९ को महामारी र त्यसबाट सिर्जित लकडाउनका कारण योजना गरिएका कार्यक्रमहरू परिवर्तन गर्नुपऱ्यो। यो समस्याका कारण पछाडि धकेलिएका कार्यक्रमहरू समयमा नै उपलब्धिमूलकतवरले सम्पन्न गर्नु हाम्रासामु ठूलो चुनौतीका रूपमा देखा परेको छ।

# आगामी प्राथमिकता

संस्थाले भूमि-कृषि अभियान रणनीति २०२०-२०२५ कार्यान्वयनमा ल्याएको छ। उक्त रणनीतिले निर्दिष्ट गरेका लक्ष्य र रणनीतिक प्राथमिकताका आधारमा संस्थाका आगामी क्रियाकलाप सञ्चालन गरिनेछन्।

१. भूमि-कृषि अभियानको समग्र सुदृढीकरण र विस्तारलाई प्रमुख प्राथमिकतामा राखिनेछ। यसका लागि भूमि-कृषिसम्बन्धी सामाजिक बहस, सहभागितामूलक भूमि-कृषि परिवेश विश्लेषण अभियान, जनसङ्गठन निर्माण, सुदृढीकरण र स्वपरिचालन तथा समुदाय तहमा भूमि-कृषि पाठशालाहरू स्थापना गर्नेलगायतका अभियानमा जोड दिइनेछ।

२. भूमि-कृषि सवालमा ज्ञान निर्माण, कार्यगत अनुसन्धान र प्रकाशनलाई निरन्तरता दिइनेछ। यसका लागि व्यवहारका आधारमा सिद्धान्त र ज्ञान निर्माण, जनसङ्गठनलाई सिकाइ केन्द्रमा राखेर कार्यगत अनुसन्धान गर्ने, सिकाइ सामग्रीहरू तयारी र प्रकाशन गर्ने र संस्थागत पहिचान र आर्थिक स्रोत जुटाउनेखालका प्रकाशनसमेत सुरुवात गरिनेछ।

३. भूमि-कृषिसम्बन्धी नीतिगत बहस र सुशासन प्रबर्धन अर्को प्राथमिकता हुनेछ। यो प्राथमिकताअन्तर्गत भूमि-कृषिसम्बन्धी नीतिगत सम्वाद र बहस चलाउने, जनसङ्गठनका अगुवाहरूको नीतिगत व्याख्या र पैरवी क्षमता विकास गर्ने, प्रगतिशील, नीति र वैकल्पिक कार्यविधि विकास र प्रस्तुति गर्ने, उपयुक्त सवालमा स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग रचनात्मक सहकार्य गर्ने, जनसङ्गठनको अगुवाइमा भूमि-कृषिसम्बन्धी भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्ने आगामी प्राथमिकता हुनेछन्।

४. यसैगरी दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका प्रणालीको विकासलाई पनि आगामी वर्षबाट प्राथमिकतामा राखी कार्य गरिनेछ। यसका लागि अर्गानिक तथा दिगो कृषि प्रबर्धन, सहकारी, सामूहिक प्रयास र बजारमा पहुँच र राज्यद्वारा प्रदान गरिने अनुदान र सुविधाको प्रभावकारी अनुगमन गर्ने कार्यक्रम रहनेछन्।

५. आत्मनिर्भर केन्द्र कृषि तथा भूमिको राष्ट्रिय स्रोत संस्थाका रूपमा विकसित हुँदै भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन र सञ्जाल सुदृढीकरणमा योगदान गर्नका लागि क्रमशः समाहित हुनेछ। यसका लागि विश्वव्यापी भूमि-कृषि आन्दोलनमा सहभागिता र योगदान गर्ने, संयुक्त राष्ट्र सङ्घलगायत मूलधारका विश्व सङ्गठनसँग आलोचनात्मक संवाद र सहकार्य गर्ने र विश्व मञ्च र सञ्जालका सम्मेलन, बैठक र सेमिनारहरू नेपालमा आयोजना गर्न पहल गर्नेलगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

# आर्थिक प्रगति विवरण

**गीता पण्डित**
वित्त तथा प्रशासन संयोजक

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, भूमि अधिकारको पक्षमा करिब ३ दशकदेखि क्रियाशील छ। संस्थाले भूमि अधिकारबाट वञ्चितहरूको सचेतीकरण र सङ्गठन, प्रगतिशील भूमि-कृषि व्यवस्थाको पक्षमा जनमत निर्माण र कार्यगत अनुसन्धानका आधारमा नीतिगत पैरवी गर्दै आएको छ।

संस्थाले विगतदेखि नै संस्थाको विधान, आवधिक रणनीति, आर्थिक व्यवस्थापन नियमावली र संस्थागत सुशासन नीतिका आधारमा स्रोत व्यवस्थापन र सोको प्रभावकारी उपयोग गर्ने अभ्यास गरिरहेको छ। २०७७ असार मसान्तसम्म संस्थामा ३१ महिला र २५ पुरुष गरी ५६ जना कर्मचारी कार्यरत छन्।

संस्थाले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न ११ वटा साझेदार संस्थाबाट १५ वटा कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग प्राप्त गरेको थियो। कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि रु. १०,१५,७५,९१५.१६ प्राप्त भएकामा रु. ७,५९,९०,३०१.६९ (७४.८१%) बजेट उपयोग भएको छ भने मौज्दात रु. २, ५५,८५,६१३.४७ आ.व. २०७७/०७८ मा उपयोगमा ल्याइनेछ। (अनुसूची १)

यस आर्थिक वर्षमा कार्यक्रमतर्फ रु. ५,५८७८४९०.०१ (७३.५३%), मानव संसाधन व्यवस्थापनतर्फ रु. १,२०,०३,१९४.०० (१५.८०%), अनुगमन तथा मूल्याङ्कनतर्फ ८१९१९२ (१.०८%), कार्यालय व्यवस्थापन र भ्रमणतर्फ रु. ८१,०८,६१७.६८ (१०.६७%) गरी जम्मा खर्च रु. ७,५९,९०,३०१.६९ भएको छ। (अनुसूची २)

संस्थाको आन्तरिक कोष तथा सम्पत्तितर्फ विभिन्न स्रोतबाट आ.व. २०७६/७७ मा रु. ४३,७३,७५६.५३ आम्दानी भएकामा रु.३२,४१,१८२.७६ खर्च भएको छ भने रु. ११,३२,५७३.७७ बचत देखिन्छ। (अनुसूची ३)

यस आ.व. सम्ममा संस्थाको स्थिर सम्पत्ति रु. २,३७,४३,५३९.२३ छ। उपदान कोषमा ४९,७९,३४९.४० जम्मा भएको छ भने १,१०,००,००० मुद्दती खातामा छ।

भूमि-कृषि अभियानको रणनीति सन् २०२०-२५ का लागि प्रस्तावित रणनीतिक प्राथमिकताअन्तर्गतका विभिन्न पहल एवम् कार्यक्रमहरू सञ्चालनका लागि आत्मनिर्भर केन्द्रले संस्थाको मूल्य/मान्यतालाई दृढतापूर्वक आत्मसात गर्दै दिगो एवम् प्रभावकारी स्रोत व्यवस्थाका लागि स्रोत निर्माणसम्बन्धी क्रियाकलापहरू अगाडि बढाउनेछ।

संस्थाको लेखापरीक्षण प्रतिवेदनलाई वेभसाइटमार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइएको जानकारी गराउँछु।

सम्पूर्ण कर्मचारीको दुर्घटना एवं स्वास्थ्योपचार बिमा गरिएको छ। श्रम ऐनअनुरूप हुनेगरी मानव स्रोत व्यवस्थापन नियमावली र वित्त व्यस्थापन नियमावली संशोधन गरी लागु गरिएको छ।

संस्थाको आर्थिक कारोबार व्यवस्थित गर्न सबै कार्यालयमा सफ्टवेयरमार्फत कारोबार गर्ने व्यवस्था मिलाउँदै आएकामा यस वर्ष संस्थाले Inventory Management software उपयोगमा ल्याएको छ।

कार्यक्रम कार्यान्वयन गर्दा अति जरुरी परेको अवस्थामा बाहेक सहकारी एवं समूहमार्फत समुदायमा नै कार्यक्रम गर्ने गरिएको छ। यसबाट बजेटको उल्लेख्य हिस्सा समुदायमा नै पु¥याउन सफल भइएको छ।

संस्थाद्वारा आफ्नै भूमि घरमा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न FAMAS र Excel तालिम सम्पन्न गरिएको छ।

अन्त्यमा, आ.व. २०७६/७७ को वास्तविक आय/व्यय तथा आ.व. २०७७/७८ को अनुमानित बजेटमाथि आवश्यक छलफल तथा सुझावसहित अनुमोदनका लागि अनुरोध गर्छु।

यस अवसरमा उपरोक्त वित्तीय विवरण समयमा नै बनाउने व्यवस्थापन समूह, निर्धारित कार्यक्रमहरू समयमा नै सञ्चालन गर्न खटिने सम्पूर्ण कर्मचारी साथीहरू, संस्थाको उद्देश्य पूरा गर्न आर्थिक सहयोग गर्ने सहयोगी संस्थाहरू, कार्यक्रम सञ्चालन गर्दा अनुमतिलगायत महत्वपूर्ण सहयोग गर्ने नियमनकारी निकायहरू, लेखा समिति, लेखापरीक्षण प्रतिवेदन तयार गरी महत्वपूर्ण सुझाव प्रदान गर्ने आन्तरिक एवं बाह्य लेखापरीक्षक सबैलाई धन्यवाद दिन चाहन्छु।

## अनुसूची १ : आ.व. २०७६/७७ को बजेट र उपयोगको अवस्था

| सहयोगी संस्था/ कार्यक्रम | प्राप्त रकम रू. | खर्च रकम रू. | मौज्दात रकम रू. |
|---|---|---|---|
| पिपुल इन निड<br>दिगो समाधान (Durable Solution II) | ३८,९४५,३३७.३८ | ३६,४२४,३७०.१८ | २,५२०,९६७.२० |
| आइआइडी भूमि-कृषि अभियान (Empowering Rural Producers in Commercial Agriculture-EPIC) | १३,२७५,३१६.१० | ८,८४८,७२७.०० | ४,४२६,५८९.१० |
| अन्तर्राष्ट्रिय भूमि सञ्जाल | | | |
| राष्ट्रिय संलग्नता रणनीति (National Engagement Strategy NES) | १७,७५६,०२६.२६ | ४,००५,५८९.२५ | १३,७५०,४३७.०१ |
| प्रतिबद्धतामा आधारित पहलहरू (Commitment Based Initiatives) | ५६५,९५१.६८ | ६०१.५ | ५६५,३५०.१८ |
| सामुदायिक भूमि अधिकारका लागि पहल (CLRI) | २,३७४,९७०.९४ | १,८०२,४२९.२५ | ५७२,५४१.६९ |

| | | | |
|---|---|---|---|
| केयर नेपाल | | | |
| भूमि अधिकार अभियान, (ESC-MAFAR) | ३,६५८,४८५.५१ | ३,७१०,८५०.०० | -५२,३६४.४९ |
| खाद्य सुरक्षा तथा जीविकोपार्जन (Food Security and Livelihood) ) | ७,६१६,७४८.०० | ७,६१६,७४८.०० | ०.०० |
| प्रकोप जोखिम न्यूनीकरण (Disaster Risk Reduction) | ५,८४२,७४८.०० | ५,८४२,७४८.०० | ०.०० |
| युएन ह्याबिट्याट | | | |
| उद्देश्य सापेक्षित भूमि सुधार कार्यक्रम (Fit-For-Purpose Land Administration Strategy) | १,३४१,६६९.८८ | १,५६२,४४८.५० | -२२०,७७८.६२ |
| हेल्भेटास | | | |
| भूकम्प प्रभावित मानिसका सुविधाहरू पुनर्स्थापना (भूकम्प प्रभावित परिवारमा संयुक्त पुर्जा) (Rehabilitation of facilities of Earthquake Affected People- REAP) | ७५,४८३.४० | १.४ | ७५,४८२.०० |
| एक्सनएड नेपाल | | | |
| विद्यालय खानेपानी तथा सरसफाइ कार्यक्रम (School Wash) | १,०९०,९१३.६१ | १,०९०,९१४ | ०.०० |
| फाउन्डेसन दि फ्रान्स (FDF) | | | |
| भूउपयोग र जीविकोपार्जन कार्यक्रम (Land and Livelihood initiatives) | ५,१६६,१८३.२९ | २,३०८,९६१.२५ | २,८५७,२२२.०४ |
| फ्रिडम फन्ड | | | |
| वकालतीय प्राविधिक सहयोग कार्यक्रम (Advocacy Technical Assistance Project) | १,५४१,५५१.०१ | १,५१६,३५३.०० | २५,१९८.०१ |
| माइक्रो क्रेडिट टु मदर्स | | | |
| महिला सहकारीलाई अनुदान सहयोग (Support to Women-led cooperatives) | ८६०,७५४.८७ | २८,८४३.०० | ८३१,९११.८७ |
| वाइल्ड गेन्जन फाउन्डेसन | | | |
| चेन्ज द गेम एकाडेमी प्रोग्राम (Change the Game Academy Programme) | १,४६३,७७५.२३ | १,२३०,७१७.७५ | २३३,०५७.४८ |
| **जम्मा** | १०१,५७५,९१५.१६ | ७५,९९०,३०१.६९ | २५,५८५,६१३.४७ |

परियोजनाको अवधि फरक फरक रहेकाले आ.व. २०७६/७७ मा मौज्दात रहेको रकम आ.व. २०७७/७८ मा २,५५,८५,६१३.४७ रकमान्तर भई कार्यक्रम सञ्चालन भइरहेका छन् । साथै २०७७ असार मसान्तमा तिर्न बाँकी रकम रु २,७३,१४३.११ (सामर्थ्य र एफएफपिएलए) परियोजनाबाट सो समयमा प्राप्त नभएकाले मौज्दात रकम ऋणात्मक देखिएका छन् ।

## अनुसूची २ : बजेट उपयोगको अवस्था

| कार्यक्रम खर्चहरू | खर्च रू. | प्रतिशत |
|---|---|---|
| सङ्गठन सबलीकरण र भूमि अधिकार दावी | ८४,९४,९३१ | ११.१८ |
| नीतिगत वकालत | ४३,०२,५०१ | ५.६६ |
| ज्ञान निर्माण र प्रशारण, स्रोत संस्थाको विकास | ३९,७८,४८२.०१ | ५.२४ |
| जीविकोपार्जन तथा प्रकोप व्यवस्थापन | १,१८,०३,५२८ | १५.५३ |
| पुनर्निर्माण | २,६४,७९,८५६ | ३४.८५ |
| अनुगमन र मूल्याङ्कन | ८,१९,१९२ | १.०८ |
| जम्मा | ५,५८,७८,४९०.०१ | ७३.५३ |
| कार्यक्रम व्यवस्थापकीय खर्चहरू | | |
| मानव संसाधन खर्चहरू | १,२०,०३,१९४ | १५.८० |
| कार्यालय व्यवस्थापन र साधारण खर्चहरू | ३७,४६,४८१.४१ | ४.९३ |
| यातायात, भ्रमण तथा दैनिक भ्रमण खर्च | ४३,६२,१३६.२७ | ५.७४ |
| जम्मा व्यवस्थापन | २,०१,११,८११.६८ | २६.४७ |
| **कुल जम्मा** | ७,५९,९०,३०१.६९ | |

## अनुसूची ३ : संस्थाको आन्तरिक कोष तथा सम्पत्तितर्फ आम्दानी र खर्च

| आम्दानीतर्फ | रकम रू. | खर्चतर्फ | रकम रू. |
|---|---|---|---|
| परियोजना सम्पन्न भई बाँकी बजेट अनुमति लिइ आम्दानी बाँधिएको | १,७९,२५२.५२ | संस्था नवीकरण खर्च | ४,७००.०० |
| क्याडस्टाका कर्मचारीबाट सहयोग | १०,३३,९६७.४४ | सम्पत्तिमा ह्रासकट्टी | ६८,५८५.०० |
| ओभरहेड आम्दानी | ८,२९,४६३.८७ | बैङ्क कमिसन | १२,६४५.७५ |
| सदस्यता नवीकरण शुल्क | १०,७५०.०० | सञ्जाल निर्माण तथा सदस्यता शुल्क | २१,८२७.४८ |
| ब्याज आम्दानी (मुद्दती खाता) | ११,०२,९२२.४४ | उपदानका लागि | ३१,३१,८२४.५३ |
| विविध आम्दानी (व्यक्तिगत सहयोगी, पुस्तक बिक्री आदिबाट) | ५,७३,१५१.०८ | विविध खर्च | १,६००.०० |
| ब्याज आम्दानी (सिआइटी) | ६,४४,२४९.१८ | | |
| **जम्मा आम्दानी** | ४,३७३,७५६.५३ | **जम्मा खर्च** | ३,२४१,१८२.७६ |

# संस्थाको आर्थिक स्रोत, उपयोग र समग्र आर्थिक प्रणालीबारे बाह्य लेखापरीक्षकको समीक्षात्मक मन्तव्य

**नवराज थपलिया**

**चार्टर्ड एकाउन्टेन्ट, नवराज एन्ड थपलिया एसोसिएट**

आत्मनिर्भर केन्द्रबाट सम्पन्न सबै आर्थिक गतिविधि संस्थाको वेभसाइटमार्फत सार्वजनिक भइसकेको छ। संस्थाको आर्थिक गतिविधि राम्रो छ। लेखापरीक्षण गर्दा हामीले साधारणतया तीनवटा कोणबाट हेर्ने गर्छौँ। एउटा- वित्तीय विवरणमा कस्तो छ, अर्को आन्तरिक लेखा परीक्षणले के भनेको छ र अन्तिम कुरा संस्थाले आर्थिक प्रणालीको कम्प्लायन्स् पूरा गरेको छ कि छैन ? यी तीनै दृष्टिकोणबाट हेर्दा आत्मनिर्भर केन्द्रले यी सबै पक्षलाई राम्ररी ध्यान दिएको देखिन्छ।

सरकारको वित्तीय नीति पालना गरेको देखिन्छ। आन्तरिक लेखा परीक्षणमा सबै कुरा राम्रो देखिन्छ। एक/दुईवटा सामान्य कुरा देखिन्छन् र त्यसलाई हामीले प्रतिवेदनमा राखेका छौँ। विशेष गरेर निर्माणको काममा खरिद प्रक्रियामा सामान्य कुरा देखिएका छन्। समुदाय तहमा काम गर्दा भ्याट बिल र प्यान बिल नपाइने र पेश्कीसम्बन्धी विषय छन्। समग्ररूपमा हेर्नुपर्दा आन्तरिक नियन्त्रण प्रणाली राम्रो देखिन्छ।

सहयोगी निकायसँगको सम्झौता हेर्दा यो संस्थामा नियमानुसार खर्च भएको पाएका छौँ। समाज कल्याण परिषद्बाट प्रत्येक परियोजनाको स्वीकृति लिइएको देखिन्छ। श्रम ऐनको पालना हेर्ने हो भने ८.३३ प्रतिशत उपदान कोषमा जम्मा गर्नुपर्ने कार्य यस वर्षबाट सुरुवात भएको छ।

कोभिडको प्रभावमा पनि संस्थाको खर्चमा नियन्त्रण छ। मेरो मूल्याङ्कनअनुसार संस्थाको काम र खर्चको प्रकृति प्रभावकारी र मितव्ययी छ। लेखापरीक्षणसम्बन्धी जुनसकै जानकारी चाहिएमा म सबैलाई इमेलबाट पठाउन सक्नेछु।

# अगुवाको भनाइ

## अम्बर चौधरी- दाङ

म मोही किसान हुँ । मेरो बाजेको नाममा ३ बिघा ४ कठ्ठा ८ धुर मोही जग्गा थियो । जिल्ला भूमि अधिकार मञ्च, दाङ र आत्मनिर्भर केन्द्रको निरन्तर सहयोगले आधा जग्गा पाउन सफल भयौँ । जिल्ला भूमि अधिकार मञ्चले हामीलाई न्यूनतम शुल्कमा वकिल राख्न सहयोग गऱ्यो । मेरो गाउँमा २५ मोही परिवार छौँ । हालसम्म २० घरले मोहीबापतको जग्गा पाएका छन् । बाँकी ५ परिवार पनि छिटै जग्गा पाउने क्रममा छन् ।

## पवित्रादेवी सदा- धनुषा

म एक भूमिहीन किसान हुँ । भूमि कृषि सिकाइ केन्द्रमा सहभागी भई धेरै विषयमा छलफल गर्ने गरेका छौँ । खासगरी जमिन उपयोगका विषयमा पनि छलफल गरेका थियौँ । निरन्तरको छलफल र प्रयास गरेर खोला किनारको १५ कठ्ठा जमिनमा १० घर मुसहर परिवारले तरकारी खेती सुरु गरेका छौँ । यस प्रक्रियामा वडा अध्यक्षको पनि सहयोग पाएका छौं । यस जमिनको उत्पादनले परिवारको दैनिकीमा केही सहजता थपिरहेको छ ।

## अस्मिता थापा- रसुवा

मेरो परिवार २०७४ साल साउन २२ गतेको पहिरोले गर्दा विस्थापित भएर बस्नुपरेको थियो । उक्त पहिरोमा हाम्रो टोलका ३ जनाले ज्यान गुमाउनुभएको थियो । त्यसकारणले हाल हामी तल्लो पैरे भन्ने ठाउँमा सुरक्षित स्थानमा जग्गा खरिद गरेर बसेका छौँ । सामुदायिक आत्मनिर्भर केन्द्र र भूमि अधिकार मञ्चबाट जग्गा खोजी गर्न र सरकारबाट अनुदान प्राप्त गराउनका लागि धेरै सहयोग मिलेको थियो ।

# खुला छलफल

## विमला श्रेष्ठ

### सचिव, जिल्ला भूमि अधिकार मञ्च, सुर्खेत

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-८ को मिलडाँडामा ४३ सुकुमबासी परिवारलाई जिल्ला प्रशासन कार्यालयबाट पटक पटक उठिबासको पत्र आइरहन्छ। लकडाउन सुरु हुने बेला पनि जिल्ला प्रशासन कार्यालयबाट उठिबासको पत्र आएको थियो। त्यसपछि हामी डेलिगेसनका लागि गएका थियौँ। अहिले त्यस बस्तीमा बस्नका लागि केही सहज भएको छ। सुर्खेतको पञ्चपुरी वडा नं. २ मा पनि सामुदायिक वनले १५ रोपनी जग्गा सामुदायिक वन क्षेत्रभित्र पार्न खोजिरहेको अवस्थामा पनि हामीले प्रतिकार गरेका छौँ। सरोकारवालासँग यस विषयमा छलफल गरिसकेपछि अहिले बस्नका लागि सहज भएको छ। यी सबै प्रक्रियामा आत्मनिर्भर केन्द्रले हामीलाई सहयोग गरिरहेको छ।

## प्रेम बिक

### कार्यपालिका सदस्य, धनगढी उपमहानगरपालिका, कैलाली

आत्मनिर्भर केन्द्रले कैलाली जिल्लामा सन् २००६ देखि काम गरेको हो। कैलालीका ४२ वटा सङ्गठनमा २१५३ जना सदस्य सङ्गठित छन्। पूर्वसुकुमबासी आयोगमा १ लाख ९ हजार ४ सय ४ वटा निवेदन परे तर यसको कुनै अर्थ भएन। अर्थात सुनवाइ नै भएन यसबारे। कैलाली जिल्ला भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीका हिसाबले अरू जिल्ला भन्दा फरक छ। यहाँ बसाइँ सरेर आउने धेरै छन्। उत्पादनशील कृषि क्षेत्र पनि राम्रै छन्। थुप्रै जमिन बाँझो पनि छ। आत्मनिर्भर केन्द्रलाई मेरो विशेष अनुरोध के छ भने यदि सहजीकरण गरिदिनुहोस्। आर्थिकरूपले सम्भवन नभए भौतिकरूपले भए पनि यसलाई निरन्तरता दिनुपर्छ। भूमिसम्बन्धी समस्या समाधान आयोगमा भूमि अभियानमा निरन्तर लागिरहनुभएका जगत देउजाको प्रतिनिधित्व भएकाले पक्कै पनि सुकुमबासी,/भूमिहीनको जमिनमाथि अधिकार स्थापित हुने विश्वास लिएका छौँ। हाल सुदूरपश्चिम क्षेत्रमा यो संस्थाको उपस्थिति अलि कम छ। यसलाई बढाएर लैजानुहुन अनुरोध छ।

## प्रेम गुरूङ

### अध्यक्ष, जिल्ला भूमि अधिकार मञ्च, कास्की

कास्कीमा सुकुमबासी, भूमिहीन, अव्यवस्थित बसोबासीलाई हेर्दा पोखरा नगरपालिकाभित्र ३३ वटा सङ्गठन छन्। यो नेपालको ठूलो महानगर हो। यहाँभित्र करिब १२ हजार परिवार भूमिहीन र अव्यवस्थित छन्। थप ४ गाउँपालिकालाई जोड्दा करिब १५ हजार जतिको यस्तो समस्या छ। भूमिसम्बन्धी समस्या समाधान आयोग पनि गठन भएको छ। तर कास्कीमा अहिले गठन हुन सकेको छैन। पक्कै पनि यो आयोगले सुकुमबासी, भूमिहीन, अव्यवस्थित बसोबासीहरूलाई जग्गा उपलब्ध गराउने काम गर्नेछ भन्नेमा हामी आशावादी छौँ। भूमिसम्बन्धी समस्या समाधान आयोग गठन आदेशको

पन्ध्रौं बुँदामा आयोगमा प्रतिनिधित्व गर्ने पदाधिकारी तथा कर्मचारीले जग्गा लिन नपाउने भन्ने प्रावधान छ। त्यसले आयोगमा मञ्चको प्रतिनिधित्व गराउन गाह्रो हुन्छ। यदि भइहालेमा पनि जमिनको अधिकारबाट वञ्चित हुने देखिन्छ। त्यसैले यो कुरालाई परिमार्जन गर्न जरुरी छ।

## विनोद लामिछाने

**अध्यक्ष, गैसस महासङ्घ, रसुवा**

आत्मनिर्भर केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चको अभियानबाट रसुवा जिल्ला पनि लाभान्वित छ। भूमिहीन किसानहरूलाई यी दुवै संस्थाले सक्षम बनाउँदै लगे। यसका साथै उनीहरूको आयआर्जन र जीविकोपार्जनका कार्यक्रममा पनि जोडेर बिचौलियाहरूबाट किसानलाई जोगाउने अभियान पनि सँगसँगै लिएर जानुपर्ने आवश्यकता देखिन्छ। यसले नेपालको उन्नति प्रगतिमा ठूलो उदाहरण दिनेछ।

## रवीन राई

**महासचिव, केन्द्रीय चिया सहकारी सङ्घ लिमिटेड, इलाम**

कोभिडको बीचमा पनि पारदर्शिता प्रवर्द्धन गर्ने हिसाबले जुन कामको सुरुवात गर्नुभएको छ यो सबैले सिक्नु जरुरी छ। खास गरेर भूमिहीनका अधिकार र किसानका कुरामा जसरी यो संस्थाले बहस र पैरवीको कार्यक्रम गरिरहेको छ निकै सराहनीय छ। यसले गरेको बहस र पैरवीका कारण अधिकारबाट वञ्चितहरूलाई अधिकार प्राप्तिका लागि अझै हौसला मिल्छ। भूमि आयोगमा संस्थाको प्रतिनिधित्वले हालसम्म संस्थाले गरेको बहस र पैरवीले सार्थकता पाउनेछ भन्ने विश्वास लिएको छु।

## भोला खतिवडा

**संस्थापक अध्यक्ष, कफ्सन नेपाल**

संस्थाले सुशासनको हिसाबले सामाजिक लेखाजेखालाई जसरी निरन्तरता दिइरहेको छ यो एकदम नै अनुकरणीय अभ्यास हो। यसले स्पष्टरूपमा हामी खुला छौं, पारदर्शी छौं भन्ने सन्देश दिएको छ। सामाजिक क्षेत्रमा काम गर्ने सबै संस्थाले योखालको अभियान गर्नैपर्छ। आत्मनिर्भर केन्द्र थिङ्कट्याङ्कका हिसाबले काम गरिहेको छ। साथै आन्दोलनको नेतृत्व गरिरहेको राष्ट्रिय भूमि अधिकार मञ्चसँगै मिलेर काम गरिरहेको छ। अधिकारवाला र सरोकारवाला एकापसमा मिलेर काम गर्न सकेका कारण नै भूमि अधिकार अभियान निरन्तर अगाडि बढ्न सकेको हो। यस किसिमको अभ्यास अन्य प्राकृतिक स्रोतको अभियानमा पनि जरुरी छ। यसलाई निरन्तरता दिइयोस् भन्ने अनुरोध गर्छु।

# अतिथि मन्तव्य

## सरस्वती सुब्बा

### अध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

आत्मनिर्भर केन्द्रले हरेक वर्ष सामाजिक लेखाजोखा गरेर नमुनायोग्य कार्य गरिरहेको छ। हामीले पनि स्थानीयदेखि राष्ट्रिय तहको सङ्गठनको समेत लेखाजोखा कार्यक्रम गर्न आवश्यक छ।

सिन्धुपाल्चोक जिल्लाबाट भूमि तथा कृषि अधिकार अभियान सुरु गरेको यो संस्थाले अहिले सातै प्रदेश र भुइँ तहका झण्डै १ लाख सङ्गठित सदस्यलाई माथि उठाउनेदेखि लिएर अधिकार प्राप्तिका लागि सहजीकरण गर्ने कार्यमा गरेको योगदान महत्वपूर्ण छ। हामीलाई सुरुदेखि अहिलेसम्म सघाइरहेको छ। साथै यो संस्थाले महिलाको भूमि अधिकारको मुद्दामा निरन्तर वकालत गरिरहनु पनि महत्वपूर्ण छ। सामुदायिक आत्मनिर्भर केन्द्र क्रमशः भूमिसम्बन्धी स्रोत संस्थाको रूपमा पनि विकास हुँदै जानु खुसीको कुरा हो। यसले अध्ययन/अनुसन्धानको पक्षलाई उत्तिकै महत्वपूर्ण हिसावले अगाडि बढाउँदै लगेको छ।

भूमि अधिकारको क्षेत्रका धेरै उपलब्धि हासिल हुँदै गएका छन्। अहिले भूमि आयोग बनेको छ। जिल्ला तहमा पनि बन्ने क्रममा छ। यो आयोगले पक्कै भूमि समस्या समाधान गर्नका लागि प्रभावकारी काम गर्छ भन्ने विश्वास छ। त्यसैले यो आयोग र यसको जिल्लादेखि स्थानीय तहसम्म बन्ने संरचनालाई सघाउन र यो आयोगको कामलाई सफल बनाउन हामीले पनि भूमिका खेल्नुपर्छ भन्ने लागेको छ। यसको लागि पनि राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहकार्य अझ महत्वपूर्ण हुनेछ।

## मोना शेर्पा

### सहायक राष्ट्रिय निर्देशक, केयर नेपाल

१३ औं वार्षिक सामाजिक लेखाजोखाको सफलताको कामना गर्छु। धेरै कम संस्थाले मात्रै यस किसिमको अभ्यास गर्छन्। यस्ता अभ्यासलाई हामीले समेत सिक्नुपर्ने देखिन्छ। यस कार्यक्रममा सबै क्षेत्रबाट सहभागी हुनुभएको रहेछ। यो ज्यादै राम्रो हो। यो संस्था लामो समयदेखि एउटै सवाल भूमिमा नै अथक प्रयास र मेहनतका साथ लागेको छ। यसले भूमिसम्बन्धी धेरै समस्या समाधान पनि गरिसकेको छ। आफैं पनि सिक्दै, आफूलाई संस्थागतरूपमा पनि विकास गर्दै, भूमिहीन र अव्यवस्थित बसोबासीहरूको आवाज बन्दै र संस्थागतरूपमा पनि आफूलाई विकास गर्दै गएको संस्थाका रूपमा देखेको छु।

भूमि भनेको एउटा राजनीतिक मुद्दा हो। हामीले देख्यौं, गुठीको सवाल उठ्दा काठमाडौंको मण्डलामा कति ठूलो आन्दोलन उठेको थियो। बाढी आयो जस्तो गरी मानिस सडकमा आएका थिए। यसैले भूमिको महत्व/शक्ति बढी छ भन्ने त्यसले पनि देखाउँछ। भूमि भनेको शक्ति पनि हो। भूमिहीन र अव्यवस्थितको बसोबासीको अधिकार दिलाउन, नीतिगत तहमा पैरवी गरी नीति निर्माण गर्ने,

व्यावहारिकरूपमा गाउँ/गाउँमा गएर सङ्गठित गर्ने, उनीहरूको आवाज बन्ने र सरोकारवालासम्म पुऱ्याउने भनेको चानचुने कुरा होइन। यो जटिल र गाह्रो सवाल हो। यद्यपि यो संस्थाले सफलरूपमा यो अभियानलाई उठाएर अघि बढेको छ। उपलब्धि पनि ल्याएको छ।

यो संस्थाले उठाएको अर्को महत्वपूर्ण कदम भनेको लामो समयदेखि रहेको पितृसत्तात्मक सोचलाई चुनौती दिँदै सदा पुरुष वर्गको स्वामित्वमा रहँदै आएको भूमिमा महिलाको पनि स्वामित्वको सवाल उठाएर भूमिमा महिलाको स्वामित्व कायम गराउनका लागि चालेको संयुक्त लालपुर्जाको अभियान पनि हो। यसले महिला किसानलाई पनि जमिनको स्वामित्व स्थापित गर्नका लागि महत्वपूर्ण भूमिका खेलेको छ। यो पनि एउटा सफल अभियान हो। यो अभियानले अहिले महिलाको स्वामित्वमा भूमि रहनका लागि ठूलो भूमिका खेलेको छ। यो ज्यादै राम्रो पक्ष हो। यो शक्तिको बाँडफाँट गर भनेर त्यसलाई अभ्यासमा समेत लैजानु भनेको ठूलो कुरा हो। जुन यो संस्थाले गरेर देखाएको छ।

यो संस्थाले नीति निर्माणका लागि पैरवी गर्ने मात्र होइन, त्यस्तो नीति कार्यान्वयन गर्ने कार्यमा पनि सहजीकरण गरिरहेको छ। यो महत्वपूर्ण पक्ष हो। किनकि बनेका नीति कार्यान्वयन तहमा नलगिएसम्म वास्तविक पीडितले अधिकार पाउने भन्ने हुँदैन। त्यसमा पनि संस्थाको भूमिका राम्रो र प्रभावकारी भएको पाएका छौँ।

भूमिहीन, सुकुमबासी वा भूमिसम्बन्धी समस्या भोग्दै आएका मानिसको अर्को समस्या भनेको नागरिकताको समस्या पनि हो। जो मानिससँग नागरिकता हुँदैन वा नागरिकता नपाउने समस्याबाट पीडित बनेको हुन्छ त्यस्ता मानिसको अर्को समस्या भनेको उनीहरूले राज्यबाट पाउने सेवा/सुविधा नपाइरहेका हुन्छन्। त्यस्तो सेवा/सुविधाबाट वञ्चित भएका हुन्छन्। त्यस्ता समस्यामा भएका व्यक्तिलाई भूमिका साथै राज्यबाट पाउनुपर्ने सामाजिक सुरक्षालगायत विविध सुविधा पाउनका लागि यो संस्थाले सहजीकरण गर्नु आगामी दिनमा महत्वपूर्ण हुनेछ। अबका दिनमा पनि यी विषयमा यी वर्गको आवाज बनिदिन सक्नुपर्छ भन्ने लाग्छ।

## जनकराज जोशी

### सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

आत्मनिर्भर केन्द्रले अहिले १३ औँ वार्षिक सामाजिक लेखाजोखा गरिरहेको छ। यो उदाहरणीय कार्य हो। हामी सुशासन र पारदर्शिताका कुरा गर्छौं। जवाफदेहिताको कुरा गर्छौं। उत्तरदायित्वका कुरा गर्छौं। जिम्मेवारीका कुरा गर्छौं। यो कुराचाहिँ यो संस्थाले गरिरहेको देखेको छु। आत्मनिर्भर केन्द्रले आफ्नो काम कारबाहीमा यो देखाएको पनि छ। त्यो अनुकरणीय कार्य हो। एकदमै प्रशंसनीय कार्य हो। यो कार्यलाई अन्य सङ्घ/संस्थाले पनि सिकाइका रूपमा लिनुपर्छ भन्ने लाग्छ। यो संस्थाबाट सिक्न सकिने धेरै विषयवस्तु छन्।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रबाट सिक्नुपर्ने कुरा महत्वपूर्ण के छ भने वास्तविकरूपमा सशक्तीकरण र समावेशीकरणको पाटो पनि छ। सशक्तीकरण र समावेशीकरणको कुरा जुन गरिन्छ त्यसको कार्यान्वयन कसरी गर्नुपर्छ भन्ने कुरा यो संस्थामा राम्रो अभ्यास छ। आजकै कार्यक्रमबाट पनि त्यस्तो देखिन्छ। यो संस्थामा चाहे सदस्य होस्, चाहे सञ्चालक होस्, चाहे कर्मचारी होस्, महिलाको उपस्थिति राम्रो छ। कर्मचारीमा पनि महिला बढी छन्, त्यो पनि एकदमै सक्षम महिला।

शक्तीकरणको उदाहरण पनि राम्रो देखाउनुभएको छ।

शक्तीकरण भन्नाले घरभित्र रहेका मानिसलाई बाहिर ल्याउनु। घरबाहिर ल्याएका मानिसलाई कार्यक्रममा ल्याउनु। कार्यक्रममा ल्याएका मानिसलाई बोल्न सक्ने बनाउनु। बोल्न सक्ने मानिसलाई अभियन्ता बनाउनु। जुन यो आजको कार्यक्रमबाट पनि देखियो।

भूमि एउटा जटिल विषय हो। यो बहुआयामिक विषयवस्तु हो। यसमा सांस्कृतिक, सामाजिक, आर्थिकलगायत धेरै पक्ष जोडिएको हुन्छ। यो आफैँमा कठिन छ। तर पनि यसमा काम गर्ने यति ठूलो भूमि अधिकार मञ्चदेखि लिएर अरू पनि यसमा काम गर्नेहरूलाई लिएर एउटा सञ्जाल निर्माण भएको छ र यसले एउटा सकारात्मक ऊर्जा दिएको छ। त्यस्तो वातावरण सिर्जना गर्न सकेको छ। त्यो महत्वपूर्ण पक्ष हो भन्ने लाग्छ। त्यो सफलता पनि हो।

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यो संस्थासँग सहकार्य गरी विभिन्न कार्य गरिरहेको छ। विभिन्न नीतिगत सुधारका काम एकापसमा छलफल गरी अगाडि बढाइरहेका छौँ। नेपाल सरकारले अहिलेचाहिँ भूमिहीन सुकुमबासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको उचित बसोबासका लागि, उहाँहरूलाई जग्गामा अधिकार दिलाउनका लागि भूमिसम्बन्धी समस्या समाधान आयोग गठन गरेको छ। त्यसमा विज्ञ सदस्यका रूपमा यही संस्थाबाट जगत देउजा सहभागी हुनुभएको छ। यो उहाँले गर्नुभएको काम, उहाँहरूको योगदान, उहाँहरूको इमान्दारिता र यसमा लगनशीलताको परिणाम हो। यसलाई सरकारले उहाँहरूको कामबाट थप सिक्न र भूमिहीन सुकुमबासीको समस्या समाधान गर्न उहाँहरूको सहयोग अपरिहार्य ठानेको रूपमा लिनुपर्छ। अर्थात उहाँहरूको कामलाई आधिकारिक मान्यता दिएको पनि ठान्नुपर्छ।

विगतदेखि नै हामी सहकार्य गर्दैछौँ। भूउपयोग नीति तर्जुमा गर्ने कार्यमा होस्, भूमि नीति तर्जुमा गर्ने कार्यमा होस्, भूमिसम्बन्धी ऐन र भूउपयोग ऐन तर्जुमा गर्ने र योसँग सम्बन्धित कार्यहरू कार्यान्वयन गर्ने नियमावलीहरू बनाउने प्रक्रियामा होस्, ती सबैमा हामी सँगसँगै छौँ। उहाँहरूको राय/सुझाव लिएका छौँ।

भूमि बैङ्कको विषयमा यो संस्था, समुदाय र मन्त्रालयको बुझाइ अलिक फरक भएको जस्तो लाग्यो। तपाईँहरू के कुरामा ढुक्क हुनुहोस् भने यो समाजका लागि हो। समुदायका लागि हो। यो कुनै यहाँहरूले भनेको जस्तो होइन, यो संविधानले भनेको समाजवादउन्मुख जुन आर्थिक व्यवस्था छ, त्यसैलाई सहयोग गर्ने गरी ल्याइएको हो। यसमा अझै पनि स्पष्ट हुनुपर्ने केही छ भने अझै छलफल गर्न सक्छौँ।

## डा.पद्मप्रसाद खतिवडा

**उपाध्यक्ष, समाज कल्याण परिषद्**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको १३ औँ सामाजिक लेखाजोखा कार्यक्रममा सहभागी हुने अवसर पाएकामा खुसी लागेको छ। यो कार्यक्रममा समाज कल्याण परिषद् लाई बोलाएर यहाँहरूले कार्यक्रम आयोजना गर्नुभएको छ, यसका लागि धेरै धेरै धन्यवाद दिन चाहन्छु।

हामीले यस वर्षदेखि सामाजिक सेवा दिवस मनाउन थालेका छौँ। यो दिवसको अवसरमा हामीले सामाजिक क्षेत्रलाई राष्ट्रिय गौरवको क्षेत्र बनाउने एउटा नारा पनि तय गरेका छौँ।

नेपाल सरकारले विक्रम संवत् २०८७ सम्ममा मध्य आय भएको मुलुक हुने लक्ष्य लिएको छ। यो लक्ष्य पूरा गर्न/गराउनका लागि हामी सामाजिक सङ्घ/संस्थाको भूमिका पनि महत्वपूर्ण हुनेछ।

सामाजिक सङ्घ/संस्थालाई दिगो कसरी बनाउने ? सामाजिक सङ्घ/संस्था राम्रा अभियान बोकेर अगाडि हिँडिरहनुभएको छ। यो अभियानलाई निरन्तरता दिनका लागि र यो अभियानलाई एउटा नीतिसँग जोडेर यसको कार्यान्वयनको तहसम्म पुग्नुपर्नेछ। रूपान्तरणका लागि पनि हामी सङ्घ/संस्थाले काम गर्नुपर्ने छ। सामाजिक क्षेत्रले उठाएका रूपान्तरणका सवालमा सामाजिक रूपान्तरणका कामहरू गर्नुपर्ने आवश्यकता छ। सामाजिक रूपान्तरणका काम नभई सिङ्गो मुलुकको रूपान्तरणको काम हुन सक्दैन। यो विषय हामी सबैले बुझ्न जरुरी छ। त्यसैले सामाजिक क्षेत्रलाई राष्ट्रिय गौरवको क्षेत्र भनेर स्थापित गर्नुपर्छ। अहिले हामीले सामाजिक उद्यमशीलताको अवधारणा अघि बढाएका छौँ। हामीले परिषद्का तर्फबाट सामाजिक उद्यमशीलता कोष पनि स्थापना गरेका छौँ। यसमार्फत सामाजिक उद्यमशीलतालाई एउटा बहसका रूपमा उतार्ने प्रयास पनि गर्नेछौँ। यसका लागि विभिन्न देशको उदाहरण पनि हेर्नेछौँ।

आत्मनिर्भर सेवा केन्द्र जस्ता संस्थाले अन्तर्राष्ट्रिय स्तरमा समेत गई सेवा दिन सक्ने हैसियत राख्नुपर्छ। त्यस्तोखालको नीति बोक्नुपर्छ। त्यसैले सामाजिक उद्यमशीलताका माध्यमबाट शोषित/पीडितको पक्षमा आवाज उठाउने, मानव अधिकारको क्षेत्रमा काम गर्ने, अहिले उठिरहेका महिला हिंसा, बाल हिंसाका जति पनि घटना भइरहेका छन्, यस्ता समस्या समाधान गर्नका लागि सामाजिक सङ्घ/संस्थाले योगदान
गर्नुपर्छ। यस्तो अभियानमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र पनि सहभागी हुने आशा गरेका छौँ।

समाज कल्याण परिषद्ले सामाजिक सङ्घ/संस्थाका कार्यक्रम र गतिविधि अनुगमन र मूल्याङ्कनको कामलाई अघि बढाउने योजनाहरू बनाएको छ। नेपालमा सञ्चालित सङ्घ/संस्थाका कार्यक्रमलाई स्वतन्त्र ढङ्गले मूल्याङ्कन गर्नु आवश्यक छ। सहयोग पनि गर्नु आवश्यक छ। सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको १३ औँ सामाजिक लेखाजोखा कार्यक्रमका लागि धन्यवाद दिन चाहन्छु र आगामी यात्राका लागि शुभकामना पनि।

# अध्यक्षको मन्तव्य

## गोपाल थापा मगर
**अध्यक्ष**

आजको यस १३ औँ सामाजिक लेखाजोखा कार्यक्रमका प्रमुख अतिथि समाज कल्याण परिषद्का उपाध्यक्ष पद्मप्रसाद खतिवडाज्यू, अतिथि राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्षज्यू, दातृ निकायका सम्पूर्ण प्रतिनिधिज्यूहरू, यस १३ औँ सामाजिक लेखाजोखा कार्यक्रमको भर्चुयल लिङ्कमा जोडिनुभएका सम्पूर्ण महानुभाव एवं सञ्चारकर्मी मित्रहरू ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहजीकरण तथा पहलकदमीमा गत आ.व. २०७५/२०७६ भित्र भए/गरेका प्रगतिको विवरण समेटेर कार्यकारी निर्देशकज्यूले गर्नुभएको प्रस्तुतिबाट संस्थाले हासिल गरेका उपलब्धि यहाँहरूका अगाडि स्पष्ट र पारदर्शी भयो भन्ने मैले विश्वास लिएको छु ।

'समतामूलक समृद्धिका लागि भूमि सुधार' भन्ने मूल नाराका साथ सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सन् २०२० देखि २०२५ सम्मको स्पष्ट रणनीतिक मार्गचित्र तयार पारेको छ । यी पाँचवटा रणनीतिक मार्गचित्रमा क्रमशः भूमि-कृषि आन्दोलनको समग्र सुदृढीकरण, भूमि-कृषि सवालमा ज्ञान निर्माण, भूमि-कृषिसम्बन्धी नीतिगत बहस, दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका, भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन र सञ्जालमा योगदानका मूल खम्बा हुन । आगामी पाँच वर्षसम्मका लागि यिनै आधारको सेरोफेरोमा रही भूमि-कृषकहरूको गुणस्तरीय जीविकोपार्जन र सम्मानित जीवन यापनका लागि काम गर्नेछ ।

'जुन मुलुकमा किसानहरू सुखी र खुसी हुन्छन्, त्यो मुलुक मात्र सभ्य र समुन्नत बन्न सक्छ' भन्ने भनाइ आत्मसात् गरी भूमि किसानहरूको सपनालाई साकार रूप दिन र यथार्थ जीवन यापनका लागि संस्था विगतका दिनहरूमा झैँ पारदर्शिता, सुशासन अनि जवाफदेहितालाई विधि र प्रक्रियाका आधारमा उच्च उचाइमा पुऱ्याउने प्रतिबद्धता जाहेर गर्छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भूमि सुधारलाई व्यवहारमा सार्थक तुल्याउन राष्ट्रिय भूमि अधिकार मञ्चलाई सहयोग गरिरहेको छ । साथै उक्त उद्देश्य प्राप्तिका लागि अन्य सरकारी एवं गैरसरकारी निकायसँग पनि सहकार्य गरिरहेको छ ।

किसानको जीवनमा आत्मसन्तुष्टि र विपन्न किसानहरूको न्यूनतम आधारभूत आवश्यकता परिपूर्तिका लागि सामुदायिक आत्मनिर्भर केन्द्रसँग सहकार्य गरी आर्थिक तथा प्राविधिक सहयोग गर्नुहुने सरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरूलाई धन्यवाद दिन चाहन्छु । आगामी दिनहरूमा पनि यहाँहरूसँगको सहकार्यको निरन्तरता होस् भन्ने कामना गर्छु ।

१३ औँ सामाजिक लेखाजोखामा यहाँहरूले उठाउनुभएका सवाल एवं सुझावहरू हाम्रा लागि ग्रहणयोग्य छन् । हामी संस्थाको विभिन्न तहमा छलफल गरी उपयुक्त सुझाव कार्यान्वयन गरिने विश्वास दिलाउन चाहन्छु ।

यस लेखाजोखा कार्यक्रममा उपस्थित हुनुभई महत्वपूर्ण सुझाव, सल्लाह एवं शुभकामना व्यक्त गर्नुहुने प्रमुख अतिथि एवं अतिथिज्यूहरूलगायत सम्पूर्ण उपस्थित/सहभागी महानुभावप्रति हार्दिक धन्यवाद छ ।

# सफलताको कथा

## अनुदानबाट घडेरी र घर



काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका-८ रौपाखा निवासी आत्माराम शिवभक्ति ५० वर्ष पुगे । उनी किसान हुन् । १ रोपनी बारी, १ रोपनी खेत र एउटा घर उनको अचल सम्पत्ति हो । २०७२ सालको भूकम्पले घर भत्क्यो । घर भएको जमिन पनि पहिरोले बगायो । आत्मारामको परिवार विस्थापित हुन पुगे । उनले निर्वाहमुखीरूपमा बाख्रा, कुखुरा र गोरु पाल्दै आएका थिए । १ छोरा, २ छोरीसहित उनको परिवारमा ५ जना छन् । कमजोर आर्थिक अवस्थाका कारण छोरा/छोरीको पढाइ बीचमै बिट मार्नुपर्‍यो । आत्मारामका अनुसार छोराछोरी साना छउन्जेल पढे । खेताला पत्याउने भएपछि काममा लगाइयो । छाक टार्न उनीहरूको कमाइले केही सहयोग पुग्छ । ३ जना छोरा/छोरीमध्ये कुनैले पनि एसइइसमेत कटाउन सकेनन् । उनीहरू बाबु/आमालाई बाख्रा/कुखुरा पाल्न र मेलापात गर्न सघाउँछन् ।

विस्थापित भएपछि आत्माराम छिमेकीको जमिनमा टहरो हालेर बसे । भूकम्पको २ वर्षपछि घर बनाउनका लागि सरकारले अनुदानसहित घडेरी खरिद गर्न सहयोग गर्ने कुरा थाहा पाए उनले । आत्माराम भन्छन्- आत्मनिर्भर संस्थाका प्रतिनिधिले सरकारले दिने अनुदान र आवश्यक प्रक्रियाका बारेमा जानकारी गराए । भूकम्प गएको २ वर्षसम्म घरबासको

कुनै अत्तोपत्तो नभएको हामीलाई यसमा विश्वास लागेन । तैपनि उनीहरूले मागे जति कागजपत्र भने दियौँ । पछि आत्मनिर्भर केन्द्र र वडा अध्यक्ष मोतीलाल तामाङसहितको टिमले जग्गा खोजी गर्नेदेखि लिएर पास गर्न पनि सहयोग गरे । २ लाखमा ४ आना जग्गा खरिद गरेँ । घर बनाएँ । अब गोठ बनाउन पुग्ने जग्गा बाँकी छ ।

उनी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राप्त ३ लाख रुपियाँ लिएर नयाँ घरमा बस्न सुरु गरे । छाप्रोमा हुर्किएका छोरा/छोरी बस्नै डर/त्रास भइरहेको थियो । अहिले उनको ४ कोठे घर छ । माथिल्लो तलामा सामग्री भण्डारण गरेका छन् । तल्लो तलामा परिवार बस्छन् । उनका अनुसार घर बनाएपछि जीविकोपार्जनका लागि बाख्रा पालन बढाउन सहयोग पुगेको छ । यही कारण अहिले उनीसँग २२ वटा बाख्रा छन् । १ हल गोरु पनि छ । १३ वटा लोकल कुखुरा छन् । पशु पालनबाट घर खर्चमा सहयोग पुगेको छ ।

उनी भन्छन्- म डकर्मी काम गर्छु । काम पाएको बेलामा दिनको ८ सयको दरले आम्दानी हुन्छ । बिस्तारै पहिलेको अवस्थामा फर्किंदै छु । सरकारले अनुदान दिए पनि आत्मनिर्भर केन्द्रको टिमले आवश्यक प्रक्रियाका लागि सहयोग नगरेको भए त्यो अनुदानमा हाम्रो पहुँच हुँदैनथ्यो भन्ने लाग्छ । अनुदानविना नयाँ घर बनाउने हविगत पनि हुँदैनथ्यो । आगामी दिनमा कतैबाट बाख्रा पालनसम्बन्धी तालिम तथा सहयोग भए यो व्यवसाय अझै फस्टाउँथ्यो कि भन्ने लागेको छ । गोठ अलि व्यवस्थित गरी बनाउनु छ तर आर्थिक हैसियत नभएकाले बनाउनचाहिँ सकेको छैन ।

## निरन्तरको अभियानले प्राप्त सफलता

विक्रम संवत् २०४७ सालमा नापी विभागले मुलुकका धेरै ठाउँमा जग्गा नापी गर्न आफ्ना कर्मचारी खटायो । कर्मचारीको एक समूह महोत्तरी जिल्ला पनि पुग्यो । महोत्तरीको खयरमारा पुगेपछि उक्त टिमले एउटा सिङ्गो जमिनलाई डिही भनेर छाड्यो । त्यो जमिनमा त्यतिबेला बसोबास गरिरहका १३ परिवारको जग्गा नापी भएन । उनीहरू बसोबास गरिरहे पनि आफ्नो जमिनको पुर्जा पाउनबाट वञ्चित भए । त्यही डिही पछि गाउँ ब्लक अर्थात सिङ्गो गाउँ नै एउटा ब्लकका रूपमा रह्यो । त्यतिबेला नापी टोली आउँदाको क्षण सम्झँदै खयरमाराका वीरसिंह थिङ भन्छन्- त्यतिबेला आएको नापी टोलीलाई यहींका ठूलाठालुले यो जमिन डिही (एउटै प्लट) भने । नापी टोली यो क्षेत्रमा नआएकाले हाम्रो जमिन नापी नभई त्यसै थियो । जमिन आफ्नो भए पनि नापी नभएकाले हामीले पुर्जा प्राप्त गर्न सकेनौँ ।

आफ्नो नामको पुर्जा नहुँदा धेरै सुविधाबाट वञ्चित रहेको स्थानीय सुकमाया मोक्तान बताउँछिन् । उनका अनुसार धेरै समयसम्म सरकारले यहाँ पनि मान्छे बस्छन् भनेर सोचेन । विकास निर्माणका कुनै योजनाले त्यो ठाउँमा प्राथमिकता पाउँदैनथे । छोरा/छोरी पढ्नबाट वञ्चित भए । अलि कमाउने र खर्च गर्ने जतिले जिल्ला सदरमुकाममा राखेर छोरा/छोरी पढाए । खर्च गर्न नसक्नेका छोरा/छोरी आमा/बाबुसँगै ज्यालादारीमा काम गर्न थाले ।

यहीबीचमा २०६९ सालमा भूमि अधिकार मञ्चका पदाधिकारी खयरमाया पुगे । सुकुमाया सम्झन्छिन्- त्यतिबेला फौदसिंह स्याङ्बो र राजनकुमार बस्नेत सुरुमा आउनुभएको थियो । उहाँहरूले हामी पनि जमिन नभएका, तपाईंहरू पनि जमिन नभएका । अब हामी सङ्गठित भएर जमिनमा हाम्रो अधिकार स्थापित गराएरै छाड्नुपर्छ भन्नुभयो ।



त्यसपछि खयरमाराका भूमि अधिकारबाट वञ्चित प्रत्येक परिवारका सदस्य भूमि अधिकार मञ्चमा सङ्गठित भए । भूमि अधिकार मञ्चमा सहभागी भएपछि धर्ना, आन्दोलनलगायतका अभियानमा सबै सरिक हुन थाले । मञ्च गठन भएपछि आत्मनिर्भर केन्द्रका प्रतिनिधिसमेत खयरमारा पुगे । स्थानीय विनोद कर्ण भन्छन्- काठमाडौँबाट आत्मनिर्भर केन्द्रको टिम आएर हामीसँग छलफल गर्ने, अधिकारका लागि आन्दोलन गर्ने र नीतिगतरूपमा नै हाम्रा माग पूरा गर्न कम्मर कसेर लाग्ने कुरा बताउनुहुन्थ्यो । यसैबीचमा स्थानीय तहको निर्वाचनका बेला हामीले भूमि अधिकारको माग पूरा गर्नेलाई मात्रै भोट दिने अडान राख्यौँ ।

स्थानीय चुनावका सबै उम्मेदवारले आफूले चुनाव जितेमा गाउँब्लकको जग्गा बसोबास र उपयोगका आधारमा दर्ता गरिने प्रतिबद्धता ब्यक्त गरे । स्थानीय तहको निर्वाचनपछि पनि भूमि अधिकार मञ्चका पदाधिकारी, स्थानीय जनप्रतिनिधिबीच धेरै छलफल भए । त्यसपछि गाउँब्लकको जग्गा दर्ताका लागि स्थानीय सरकारसहितको टोली जिल्ला नापी कार्यालय, जिल्ला मालपोत कार्यालय गयो । मालपोत कार्यालयमा स्थानीय जनप्रतिनिधिसहित भूमि अधिकार मञ्च नै पुगेपछि सबै परिवारको जग्गा नापी भई पुर्जा वितरण गर्ने निर्णय भयो ।

जिल्ला भूमि अधिकार मञ्चका सचिव राजकुमार बस्नेतसहितको टिमले जग्गाको नापजाँच गऱ्यो । आवश्यक सम्पूर्ण कागजपत्र सङ्कलन गरी मालपोत कार्यालय पठाइयो । यसरी २०७६ साउन ११ गते स्थानीय जनप्रतिनिधिसहित जिल्लाका सरोकारवाला निकायका पदाधिकारीहरूको उपस्थितिमा सबै (६४ परिवार) लाई जमिनको पुर्जा उपलब्ध गराइयो ।

पुर्जा प्राप्त गरेपछि विनोद कर्ण भन्छन्- जग्गा नाप्दै जाँदा मेरोमा अलि बढी देखियो । मेरो घरसँगै जोडिएको दाइको जग्गाचाहिँ २ आना मात्रै पाइयो । हाम्रो पीडा, दुःख र सङ्घर्ष एउटै थियो । उहाँको घरसमेत बन्ने ठाउँ भएन । अनि मैले ४ आना जग्गा उहाँलाई दिएँ । मेरी एउटी छोरी डाक्टर पढ्छु भन्दैछिन् । पढाइ राम्रो छ । अब पैसा पुगेन भने यही जग्गा बेचेर भए पनि उनलाई डाक्टर बनाउँछु । निरन्तर सङ्घर्ष गरियो भने एक दिन प्रतिफल अवश्य प्राप्त हुँदोरहेछ भन्ने सिकाइ प्राप्त भएको छ हामीलाई ।

# सहभागीबाट प्राप्त मुख्य सुझाव

(क) आत्मनिर्भर केन्द्रको सुझबुझ र सहयोगमा भूमिहीनको अधिकारका लागि नीति निर्माणको उदाहरणीय काम भएका छन् । आउँदा दिनमा भुइँ तहका मानिसको सशक्तीकरण अझ चुलिने अपेक्षा छ। यसका साथै अहिंसात्मक अर्थव्यवस्था, राजनीति, समाज, शिक्षालगायतका कामको अगुवाइमा पनि अग्रसर हुनुहोला ।

ख) स्थानीय तहसँग सहकार्य हुँदा उपलब्धि अझ दरिलो हुने अपेक्षा छ। स्थानीय तहका समान मुद्दामा सहकार्य गरेर अघि बढ्नका लागि आवश्यक रणनीति तयार गर्नुहुनेछ भन्ने अपेक्षा छ।

ग) यस संस्थाका कार्यकारी निर्देशक नेपाल सरकारले गठन गरेको भूमि समस्या समाधान आयोगको विज्ञ सदस्यका रूपमा नियुक्त हुनुभएको छ। यो एक सफलता र चुनौती दुवै हो । आगामी दिनमा वास्तविक भूमिहीन, अव्यवस्थित बसोबासीको जमिनमा अधिकार स्थापित गर्नका लागि संस्थाले आयोगसँग थप सहकार्य गर्नेछ भन्ने सुझाव छ।

घ) आगामी दिनहरूमा भूमि बैङ्कबारे राजनीतिक र प्राविधिक सवालहरूमा थप छलफल हुनुपर्छ भन्ने लाग्छ।

ङ) प्रगति प्रतिवेदनमा उल्लिखित संस्थाका पदाधिकारी तथा कर्मचारीको सङ्ख्यालाई जातजातिका आधारमा पनि छुट्याएर राखेको भए अझ राम्रो हुने थियो ।

आत्मनिर्भर केन्द्र
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
भूमि घर, धापासी, काठमाडौं
फोन : ०१४३६०४८६, ४३५७००५
landrights@csrcnepal.org
www.csrcnepal.org